"व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार"

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

नदीपुर, पोखरा, गण्डकी प्रदेश, नेपाल

चौमासिक बुलेटिन | वर्ष २ | अङ्क ३ | (२०७८ चैत्र-२०७९ असार)

## यस अङ्कमा......


- प्रशिक्षण परिषद्को चौथो बैठक
- प्रतिष्ठानलाई ISO प्रमाण-पत्र प्राप्त
- सेवा प्रवेश सम्बन्धी अभिमुखीकरण
- प्रशिक्षण सामग्री (मोड्युल) निर्माण, प्रकाशन तथा वितरण
- अन्तरसरकार सम्बन्ध विषयक अध्ययन प्रतिवेदन प्रकाशन
- स्थानीय तहमा लैससास परीक्षण
- स्थानीय तहमा लैससास रणनीति निर्माण
- LISA को गुणस्तर जाँच
- स्थानीय तहको राजस्व सुधार कार्ययोजना निर्माण
- स्थानीय तहका नवनिर्वाचित जनप्रतिनिधिहरूलाई अभिमुखीकरण


### प्रतिष्ठानलाई ISO प्रमाण-पत्र प्राप्त

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट प्रदान गरिने सेवाहरूलाई अन्तर्राष्ट्रिय स्तरको गुणस्तरीय सेवा प्रदान गर्ने संस्थाको रुपमा स्थापित गराउने रणनैतिक उद्देश्य अनुरुप आवश्यक तयारी, संस्थागत विकास एवम् सुधारका गतिविधिहरू सञ्चालन तथा तोकिएको प्राविधिक एवम् प्रक्रियागत मापदण्ड पूरा गरी यसै चौमासिकमा क्वालिटी अष्ट्रियाबाट आइ.एस.ओ. प्रमाण-पत्र प्राप्त गरेको छ। यस क्रममा प्रतिष्ठानमा कार्यरत कर्मचारीहरूका लागि अभिमुखीकरण प्रदान गर्नुका साथै गुण नियन्त्रण सम्बन्धी विभिन्न ८ वटा कार्यविधिहरू र दर्जनौ तथ्याङ्क अद्यावधिक गर्ने फारामहरू तयार गरी कार्यान्वयनमा ल्याइएको छ। आइ.एस.ओ. प्रमाणीकरण हुनका लागि आन्तरिक तथा बाहय परीक्षकद्वारा परीक्षण सम्पन्न गरी तोकिएको मापदण्ड पूरा गरिएको थियो। तीन वर्ष भित्र आइ.एस.ओ. प्रमाण-पत्र प्राप्त गर्ने लक्ष्य राखेको प्रतिष्ठानले अन्ततः दुई वर्षमा नै यो उपलब्धी हाँसिल गरेको छ।

### नवप्रवेशी कर्मचारीका लागि सेवा-प्रवेश सम्बन्धी अभिमुखीकरण

प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेशले स्थानीय तहका लागि सिफारिस गरेका प्राविधिक तर्फका विभिन्न सेवा समूहका जम्मा ८३३ नयाँ कर्मचारीलाई यस चौमासिक अवधिमा सेवा-प्रवेश सम्बन्धी अभिमुखीकरण गरिएको छ। अभिमुखीकरण कार्यक्रममा स्वास्थ्य सेवा तर्फ ५२७ जना, कृषि समूह तर्फ १८४ जना र इन्जिनियरिङ समूह तर्फका १२२ जना कर्मचारीहरू रहेका थिए। एक दिवसीय उक्त अभिमुखीकरण कार्यक्रम गत वैशाख र जेष्ठ महिनामा विभिन्न ४ चरणमा १२ वटा समूहमा गरिएको थियो। सार्वजनिक सेवाका आधारभूत विषयका अतिरिक्त, कर्मचारी आचार संहिता र पदीय कार्यविवरण तथा जिम्मेवारीका बारेमा अभिमुखीकरण गराउने उद्देश्यले प्रदेश लोक सेवा आयोगको समन्वयमा यी कार्यक्रमहरू सम्पन्न गरिएका थिए।

## प्रतिष्ठान तर्फका मुख्य-मुख्य गतिविधिहरू


### प्रशिक्षण परिषद्को चौथो बैठक

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको चौथो परिषद् बैठक परिषद्का अध्यक्ष माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको अध्यक्षतामा मिति २०७९ जेष्ठ १७ गते सम्पन्न भयो। उक्त बैठकबाट प्रदेश तथा स्थानीय तहमा कार्यरत छैटौं, सातौं र आठौं तहका अधिकृत कर्मचारीहरूका लागि ३० कार्यदिने सेवाकालीन तालिम पाठ्यक्रम स्वीकृत भएको छ। बैठकमा प्रतिष्ठानको स्थापना देखि २०७९ जेष्ठ मसान्तसम्मको प्रगति समीक्षा गर्नुका साथै गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (कर्मचारी सेवा शर्त सम्बन्धी) विनियमावली, २०७९ का विषयमा छलफल भएको थियो। परिषद्बाट स्वीकृत अधिकृतस्तरको पाठ्यक्रम अनुसार आर्थिक वर्ष २०७९-८० मा सेवाकालीन तालिम सञ्चालन गर्ने योजना रहेको छ।



### सम्पन्न तालिमको अनुगमन तथा फलो-अप

प्रतिष्ठानद्वारा सञ्चालन गरेका विभिन्न तालिमहरूको अनुगमन तथा फलो-अप गर्ने योजना अनुरुप पहिलो चरणमा स्थानीय तह र प्रदेश स्तरका कार्यालयहरूमा अनुगमन सम्पन्न भएको छ। प्रतिष्ठानको सेवाकालीन तालिम र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तरगत स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीका लागि सञ्चालन भएका विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमका सहभागीहरूलाई सम्बन्धित स्थानीय तहमा स्थलगत रुपमा अध्ययन तथा अवलोकन गरी फलो-अप र अनुगमन गरिएको थियो। फलो-अप गर्दा करिब ६८ प्रतिशत कर्मचारीहरूले प्रतिष्ठानबाट प्रदान गरिएको तालिम कार्यक्रमले कार्यसम्पादनमा प्रत्यक्ष सहयोग गरेको भन्ने प्रतिक्रिया प्राप्त भएको थियो भने बाँकीले अप्रत्यक्ष रुपमा कार्य सम्पादनमा योगदान पुगेको प्रतिक्रिया दिएका थिए।





विस्तृत जानकारीका लागि :
फोनः +९७७-६१५२१०८०, ५२०१४६ इमेलः academy.gandaki@gmail.com वेभसाइटः: www.gpta.gandaki.gov.np

## आधारभूत कार्यसञ्चालन कार्यविधि (SOP) निर्माण

सबै तहका सरकारी तथा सार्वजनिक निकायमा कार्यरत कार्यालय सहयोगी, सवारी चालक र सुरक्षा गार्डको दैनिक एवम् नियमित कार्यसम्पादनलाई सहज एवम् व्यवस्थित बनाउन सहयोग पुर्‍याउने उद्देश्यले आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure -SOP) तयार गरिएको छ । उक्त कार्यविधिमा कार्यालय सहयोगीका विभिन्न ७ किसिमको कार्यक्षेत्रगत जिम्मेवारी तथा सवारी चालक र सुरक्षा गार्डको कार्यविवरण, दैनिक तथा नियमित रुपमा सम्पादन गर्नुपर्ने काम र सोको विस्तृत कार्यविधि (चरणबद्ध प्रक्रिया), कार्यसम्पादनको अनुगमन तथा मूल्याङ्कनको लागि सूचक, रुजुसूची, फाराम र सुपरभाइजरको भूमिका आदि स्पष्ट रुपमा उल्लेख गरी तयार गरिएको छ । यस कार्यविधिको कार्यान्वयनले सरकारी तथा सार्वजनिक क्षेत्रका कार्यालयहरूमा कार्यरत कार्यालय सहयोगी, सवारी चालक तथा सुरक्षा गार्डको प्रभावकारी परिचालन एवम् गुणस्तरीय कार्य सम्पादन भई कार्यालय सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## प्रशिक्षण सामग्री (मोड्यूल) प्रकाशन तथा वितरण




स्थानीय तहका कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकासका साथसाथै स्थानीय तहहरूले स्थानीय आर्थिक विकासलाई योजनाबद्ध ढङ्गले अगाडि बढाउन मार्गदर्शन गर्न प्रशिक्षक तथा सहजकर्ताहरूको लागि प्रतिष्ठानले स्थानीय आर्थिक विकास सम्बन्धी प्रशिक्षण सामग्री प्रकाशन गरेको छ । तीन दिने प्रशिक्षण सञ्चालनको लागि तयार गरिएको यस मोड्युललाई जम्मा ६ भागमा विभाजन गरी प्रशिक्षकका लागि मार्गदर्शन, समग्र तालिम व्यवस्थापन एवम् सञ्चालन, विषयगत शत्रको व्यवस्थापन, सञ्चालन एवम् तालिमको मूल्याङ्कन सम्बन्धी सम्पूर्ण कुराहरू समावेश गरिएको छ । यस सामग्रीको प्रयोगबाट तालिम सञ्चालनका साथै स्थानीय तहको आर्थिक विकास योजना बनाउन सहयोग पुग्ने अपेक्षा लिइएको छ ।

## अनुसन्धानमूलक प्रतिवेदन प्रकाशन

प्रतिष्ठानले अन्तरसरकार सम्बन्ध विषयमा गत वर्ष गरेको अनुसन्धानको अन्तिम प्रतिवेदन प्रकाशन गरेको छ । प्रकाशित प्रतिवेदनमा नेपालको संघीय संरचनामा अन्तरसरकार सम्बन्धको बारेमा संवैधानिक एवम् कानूनी व्यवस्था, सोको कार्यान्वयनको अवस्था, सबल तथा दुर्बल पक्ष, चुनौति र संभावनाका बारेमा केन्द्रित भई गरिएको अनुसन्धानको नतिजालाई समावेश गरिएको छ। नेपालको संघीयता कार्यान्वयनको सवालमा अनुभव तथा सीकाइ, विद्यमान अवस्था, चुनौति एवम् समस्या र सोको सम्बोधनका उपायहरू पहिचान गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन उपयोगी हुने अपेक्षा राखी यो प्रतिवेदन प्रकाशन गरिएको हो ।

# विविध

## वार्षिक क्यालेण्डर प्रकाशन तथा वितरण




प्रतिष्ठाद्वारा वि.सं. २०७९ को टेबल क्यालेण्डर प्रकाशन गरी प्रदेशका सबै मन्त्रालयका अतिरिक्त संघ र प्रदेश स्तरका सबै सरकारी कार्यालयहरू, जिल्ला समन्वय समिति एवम् स्थानीय तहहरूलाई वितरण गरिएको छ । गत आ.व.मा सम्पन्न भएका प्रतिष्ठानका मुख्य गतिविधि तथा उपलब्धीहरूलाई समेत सरोकारवाला समक्ष सुसूचित गर्ने उद्देश्यले सो क्यालेण्डर प्रकाशन गरिएको हो । प्रतिष्ठानले स्थापना कालदेखि नै हरेक वर्ष यस प्रकारको क्यालेण्डर प्रकाशन गरी वितरण गर्दै आइरहेको छ ।

## अनुभव तथा सिकाइ आदान-प्रदान

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तरगत प्रदेश नं. १, मधेश प्रदेश, वाग्मती प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूर पश्चिम प्रदेशका कार्यक्रम कार्यान्वयन इकाई (पिपिआइयु), प्रदेश सुशासन केन्द्र, प्रदेश प्रशिक्षण केन्द्र र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका भ्रमण टोलीहरूबाट प्रतिष्ठान समक्ष अनुभव तथा सिकाइ आदान-प्रदान गरिएको छ। यसै क्रममा यस प्रतिष्ठानको गतिविधि र संस्थागत विकासका बारेमा जानकारी प्रदान गरिएको थियो । त्यसैगरी अन्य प्रतिष्ठानहरूले पनि आफ्नो गतिविधि, भएगरेका प्रयास, भावि योजना, अनुभव एवम् सीकाइ प्रस्तुत गरेका थिए ।






# प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)

## लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी अभिमुखीकरण



लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी नीतिगत व्यवस्था, स्थानीय तहमा यसको आवश्यकता एवम् औचित्य र लैङ्गिक उत्तरदायी बजेट निर्माण तथा कार्यान्वयनको सम्बन्धमा जनप्रतिनिधि तथा कर्मचारीहरूलाई अभिमुखीकरण गर्ने उद्देश्यले यो चौमासिकमा जम्मा २ वटा कार्यक्रमहरू सम्पन्न भएका छन् । गत वैशाखमा पोखरामा सम्पन्न २ दिने उक्त कार्यक्रममा गोरखा र स्याङ्जाका सबै स्थानीय तहका उपप्रमुख/उपाध्यक्ष, सीमान्तकृत समुदायका जनप्रतिनिधि र कर्मचारीहरू गरी ४६ जनाको सहभागिता रहेको थियो। सबै ८५ वटै स्थानीय तहका उपप्रमुख/उपाध्यक्ष र कर्मचारीहरू लक्षित गरी सम्पन्न ६ वटा अभिमुखीकरण कार्यक्रममा जम्मा १७७ जनाको सहभागिता रहेको थियो ।

## स्थानीय तहमा लैससास परीक्षण

लैङ्गिक तथा सामाजिक समावेशीकरण (लैससास) मूलप्रवाहिकरण सम्बन्धी कानूनी एवम् नीतिगत व्यवस्था बमोजिम स्थानीय तहहरूबाट प्रवाह हुने सेवा तथा कार्यक्रम भए नभएको लेखाजोखा गर्ने, समस्या पहिचान गरी सुधारका लागि कार्ययोजना बनाई लागू गर्ने प्रयोजनका लागि लैससास परीक्षण गर्न प्रतिष्ठानको रोस्टरमा रहेका विज्ञहरूलाई परिचालन गरिँदै आएको छ। पिएलजिएसपि को आर्थिक एवम् प्राविधिक (विज्ञ परिचालन) सहयोगमा यस चौमासिकमा जम्मा ४ स्थानीय तह (नवलपुरको ३ र स्याङ्जाको १ स्थानीय तह) मा लैससास परीक्षण सम्पन्न भएको छ। यस आ.व.मा ४९ वटा स्थानीय तहको लैससास परीक्षण सम्पन्न भयो भने उक्त परीक्षणमा १,८०० जना जनप्रतिनिधि र कर्मचारीहरूको अभिमुखीकरण भएको थियो ।



## LISA गुणस्तर जाँच

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) कार्यविधि, २०७७ अनुसार सबै स्थानीय तहले वार्षिक रुपमा आफ्नो संस्थागत क्षमता स्वमूल्याङ्कन गर्नु पर्दछ। सम्बन्धित स्थानीय तहहरूबाट भएको स्वमूल्याङ्कनको गुणस्तर जाँच गरी सोको नतिजालाई वास्तविक र विश्वसनीय बनाउने उद्देश्यले स्वतन्त्र परामर्शदाताहरू परिचालन गरी गुणस्तर जाँच गराइएको थियो । सबै ८५ स्थानीय तहको LISA गुणस्तर जाँच गराई सम्बन्धित जिल्ला समन्वय समितिको समन्वयमा स्थानीय तहका प्रतिनिधिहरूको उपस्थितिमा प्राप्त नतिजा बारेमा छलफल गराई अन्तिम नतिजा अनुमोदन गराइएको थियो । तत्पश्चात् स्थानीय तहहरूको संस्थागत क्षमता स्वमूल्याङ्कनको अन्तिम नतिजा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको लिजा पोर्टल (वेभसाइट) मार्फत सार्वजनिक एवम् प्रकाशन भएको छ ।

## कार्यस्थलमा हुने हिंसा सम्बन्धी अभिमुखीकरण



कार्यस्थलमा हुने लैंगिक हिंसा तथा यौनजन्य दुर्व्यवहार विरुद्धको आचार संहिता निर्माण सम्बन्धी स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि २ दिने अभिमुखीकरण गत चैत्र १० र ११ गते पोखरामा सम्पन्न भयो। कास्की, तनहुँ र स्याङ्जा जिल्लाका सबै स्थानीय तहका उपप्रमुख/उपाध्यक्ष र सामाजिक शाखाका कर्मचारीलाई लक्षित गरिएको उक्त कार्यक्रममा २६ स्थानीय तहका उपप्रमुख/उपाध्यक्ष सामाजिक विकास शाखा र महिला तथा बालबालिका उपशाखाका कर्मचारी गरी जम्मा ५० जनाको सहभागिता रहेको थियो । सहभागी जनप्रतिनिधिहरूले अभिमुखीकरण पश्चात् आ-आफ्नो स्थानीय तहमा लैंगिक हिंसा नियन्त्रण गर्न आचार संहिता तयार गर्ने प्रतिबद्धता जनाएका थिए।

## विस्तृत आयोजना प्रतिवेदन (DPR) सम्बन्धी तालिम

स्थानीय तहमा डिजाइन भई कार्यान्वयन गरिने पूर्वाधार आयोजनाहरूको विस्तृत प्रतिवेदन (DPR) तयारी सम्बन्धी २ दिने तालिम स्थानीय तहका सिभिल सेवा अन्तरगतका इन्जिनियरहरूका लागि मिति २०७९ वैशाख १० र ११ गते पोखरामा सम्पन्न भयो। दुई समूहमा सञ्चालित उक्त तालिममा गोरखा, नवलपुर, स्याङ्जा, तनहुँ र कास्की जिल्लाका ४४ स्थानीय तहका ५८ जना (५५ पुरूष र ३ महिला) प्राविधिक कर्मचारीहरूको सहभागिता रहेको थियो । आयोजना डिजाइन गरी कार्यान्वयन गर्नु पूर्व सर्भेक्षण सम्पन्न गरी अनिवार्य रुपमा तयार गर्नु पर्ने विस्तृत आयोजना प्रतिवदेन प्रभावकारी रुपमा तयार गर्न र परामर्शदाताले तयार गरेको प्रतिवेदनको गुणस्तर सुनिश्चित गरी आयोजना कार्यान्वयनलाई प्रभावकारी बनाउन टेवा पुऱ्याउन सबै ८५ स्थानीय तहका प्राविधिक कर्मचारीहरूको क्षमता अभिबृद्धि गर्ने उद्देश्यले यस आ.व.मा जम्मा ३ वटा तालिम सम्पन्न भई १०२ जना प्रशिक्षित भएका छन् ।

## स्थानीय तहको संस्थागत क्षमता विकास योजना निर्माण

प्रतिष्ठानसँग लिखित समझदारी गरेका गण्डकी प्रदेशका २६ स्थानीय तहहरू मध्ये २० स्थानीय तहले संस्थागत क्षमता विकास योजना निर्माण कार्य सम्पन्न गरेका छन्। प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण भएका ती योजनाहरू सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको गाउँ/नगरपालिकाको क्षमता विकास योजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७६ ले तोकेको खाका एवम् मापदण्ड अनुसार तयार गरिएका छन् । सम्बन्धित स्थानीय तहको सक्रिय सहभागिता र परामर्शदाताको सहजीकरणमा निर्माण भएका योजनालाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रहेको यस सम्बन्धी समितिले प्रदान गरेको पृष्ठपोषण समावेश गरी अन्तिम रुप दिइएको थियो । यी योजनाको कार्यान्वयनबाट स्थानीय तहको समग्र संस्थागत विकास र कार्यक्षमतामा अभिबृद्धि हुने अपेक्षा गरिएको छ।

**विस्तृत जानकारीका लागि** :
फोनः +९७७-६१५२१०८०, ५२०१४६ इमेलः academy.gandaki@gmail.com वेभसाइटः www.gpta.gandaki.gov.np

## स्थानीय तहको आवधिक विकास योजना निर्माण

प्रतिष्ठानसँग लिखित समझदारी गरेका गण्डकी प्रदेशका १३ स्थानीय तहहरू मध्ये ८ स्थानीय तहले आवधिक विकास योजना निर्माण कार्य सम्पन्न गरेका छन् । प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण भएका ती योजनाहरू राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ ले तोकेको खाका एवम् मापदण्ड अनुसार तयार गरिएका छन् । सम्बन्धित स्थानीय तहको सक्रिय सहभागिता र परामर्शदाताको सहजीकरणमा निर्माण भएको योजनालाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रहेको सम्बन्धित समितिले दिएको पृष्ठपोषण समावेश गरी अन्तिम रुप दिइएको थियो । यी योजनाको कार्यान्वयनबाट स्थानीय विकास र स्थानीय आर्थिक समृद्धि हाँसिलमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

## स्थानीय तहमा लैससास रणनीति निर्माण

स्थानीय तहमा लैससास रणनीति तयार गरी कार्यान्वयन गर्नु पर्ने नीतिगत व्यवस्था भए बमोजिम प्रतिष्ठान र स्थानीय तहहरूबीच भएको लिखित समझदारी अनुसार यस आ.व.मा ४४ वटा स्थानीय तहहरूले लैससास रणनीति निर्माण कार्य सम्पन्न गरेका छन् । उक्त रणनीति तयार गर्दा राष्ट्रिय लैंगिक समानता नीति, २०७७, लैससास स्थानीयकरण रणनीति, २०७५ र गण्डकी प्रदेशको लैससास नीति, २०७७ लाई आधार लिइएको थियो । स्थानीय तहमा लैससास मूलप्रवाहीकरणका लागि सम्बन्धित स्थानीय तहको वस्तुस्थिति, आवश्यकता, उपलब्ध स्रोतसाधन र संस्थागत क्षमता अनुरुप कानूनी, नीतिगत एवम् कार्यक्रमगत व्यवस्था गरी कार्यान्वयन गर्न यो रणनीति महत्वपूर्ण दस्तावेज एवम् आधार हुने अपेक्षा गरिएको छ ।

## स्थानीय तहको आन्तरिक राजश्व सुधार कार्ययोजना निर्माण

प्रतिष्ठानसँग लिखित समझदारी गरेका गण्डकी प्रदेशका ३४ स्थानीय तहहरू मध्ये २९ स्थानीय तहहरूमा आन्तरिक राजश्व सुधार कार्ययोजना निर्माण भएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७६ ले तोकको खाका एवम् मापदण्ड अनुसार स्थानीय तहका यी कार्ययोजनाहरू तयार भएका छन् । सम्बन्धित स्थानीय तहको सक्रिय सहभागिता र परामर्शदाताको सहजीकरणमा निर्माण भएका यी कार्ययोजनाले स्थानीय तहको समग्र विकासको लागि आवश्यक आर्थिक स्रोतसाधन तथा स्थानीय तहलाई आवश्यक आर्थिक कोषको व्यवस्था गर्न टेवा पुग्ने अपेक्षा गरिएको छ ।

## स्थानीय तहका नवनिर्वाचित जनप्रतिनिधिहरुलाई अभिमुखीकरण

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँगको समन्वयमा स्थानीय तहका नवनिर्वाचित प्रमुख/अध्यक्ष तथा उपप्रमुख/उपाध्यक्षहरूका लागि स्थानीय सरकार सञ्चालन तथा स्थानीय आर्थिक विकास सम्बन्धी दुई दिने अभिमुखीकरण कार्यक्रम गत जेष्ठको २७ र २८ गते पोखरामा सम्पन्न भयो । गण्डकी प्रदेशका सबै ८५ स्थानीय तहहरूबाट जम्मा १५९ जना जनप्रतिनिधिहरूको सहभागिता रहेको उक्त कार्यक्रमलाई ४ समूहमा विभाजन गरी सञ्चालन गरिएको थियो । मन्त्रालयको समन्वयमा केन्द्रबाट विज्ञ स्रोतव्यक्तिहरू उपलब्ध गराई विषयगत शत्रहरूको सहजीकरण तथा प्रस्तुतीकरण भएको थियो । माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलबाट समुद्घाटन भएको सो अभिमुखीकरण कार्यक्रमको समापन माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजेन्द्र प्रसाद श्रेष्ठबाट भएको थियो । अभिमुखीकरणले संवैधानिक एवम् कानूनी व्यवस्था अनुरुप स्थानीय तह सञ्चालन र व्यवस्थापनमा योगदान गर्ने अपेक्षा गरिएको छ ।

## प्रदेश मन्त्रालयका कर्मचारीहरूलाई तालिम

प्रदेशका सबै मन्त्रालय, आयोग, प्रतिष्ठान, विश्वविद्यालय र प्रदेशस्तरका सरकारी एवम् सार्वजनिक कार्यालयका सवारी चालकहरूका लागि सवारी सञ्चालन एवम् सडक सुरक्षा सम्बन्धी तालिम र कार्यालय सहयोगी कर्मचारीका लागि कार्यालय सहयोग तथा आतिथ्यता सम्बन्धी  एक/एक दिवसीय तालिम गत जेष्ठ २२ गते सम्पन्न भयो । तालिममा ३२ जना सवारी चालक र ४२ जना कार्यालय सहयोगीहरूको सहभागिता रहेको थियो । त्यसैगरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका २० जना कर्मचारीहरूका लागि ड्राइभिङ तालिम असार महिनामा सम्पन्न भयो । तालिम पश्चात् कर्मचारीहरूले यातायात व्यवस्था कार्यालयले सञ्चालन गर्ने परीक्षा उत्तीर्ण गरी हलुका सवारी चालक अनुमती पत्र प्राप्त गरी सवारी सञ्चालन गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

## आ.व. २०७८/७९ को प्रगति सारांश

| वार्षिक कार्यक्रम तर्फ | संख्या | लाभान्वित |
|---|---|---|
| १. कर्मचारीका लागि सेवाकालीन तालिम | ४ | ११२ जना |
| २. नवनियुक्त कर्मचारीका लागि सेवा प्रवेश तालिम | १३ | ८५८ जना |
| ३. प्रदेश स्तरीय विभिन्न तालिम | १६ | कर्मचारीहरू |
| ४. स्थानीय तहका लागि विभिन्न तालिम | ३० | जनप्रतिनिधि तथा कर्मचारीहरू |
| ५. स्थानीय तहमा लैससास परीक्षण | ४९ | स्थानीय तह |
| ६. स्थानीय तहमा लैससास रणनीति निर्माण | ४४ | स्थानीय तह |
| ७. स्थानीय तहको राजस्व सुधार कार्ययोजना निर्माण | २९ | स्थानीय तह |
| ८. स्थानीय तहको क्षमता विकास योजना निर्माण | २० | स्थानीय तह |
| ९. स्थानीय तहको आवधिक विकास योजना निर्माण | ८ | स्थानीय तह |
| १०. LISA तथा LISA को गुणस्तर परीक्षण | ८५ | स्थानीय तह |
| ११. नवनिर्वाचित प्रमुख/अध्यक्ष तथा उपप्रमुख/उपाध्यक्षलाई अभिमुखीकरण | ८५ | (१५९ जना) स्थानीय तह |
| १२. प्रदेश तथा स्थानीय तहका अन्य कार्यक्रमहरू | १२ | प्रदेश तथा स्थानीय सरकार/ अन्य सरोकारवला |
| १३. प्रशिक्षण सामग्रीहरू निर्माण तथा प्रकाशन | ३ | |
| **संस्थागत विकास तर्फ** | | |
| १४. आइ.एस.ओ. प्रमाण-पत्र प्राप्त | - | प्रतिष्ठान |
| १५. प्रतिष्ठानको विनियम निर्माण | २ | |
| १६. पाठ्यक्रम निर्माण (अधिकृत कर्मचारीका लागि सेवाकालीन तालिम र सहायक स्तरका प्राविधिक कर्मचारीका लागि सेवा प्रवेश तालिम) | २ | कर्मचारी |
| १७. प्रदेश तथा स्थानीय तहस्तरीय प्रशिक्षणका लागि पाठ्यक्रम निर्माण | ३७ | जनप्रतिनिधि तथा कर्मचारी |

**विस्तृत जानकारीका लागि** :
फोनः +९७७-६१५२१०८०, ५२०१४६    इमेलः academy.gandaki@gmail.com    वेभसाइटः www.gpta.gandaki.gov.np